जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

# भीमेश्वर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### चरिकोट, दोलखा

२०७३

पत्र संख्या :

चलानी नं. :

बागमती प्रदेश, नेपाल

मिति: २०८३/०१/०८

**भीमेश्वर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको ढल जडान सम्वन्धी सूचना !**

खानेपानी तथा ढल व्यवस्थापन विभाग अन्तर्गत रहेको शहरी खानेपानी तथा सरसफाई (क्षेत्रगत) आयोजना र यस नगरपालिकाको साझेदारीमा यस नगरपालिका वडा नं. ६, ३ र ४ मा चरिकोट ढल आयोजना सन्चालनको मुख्य पूर्वाधारको काम सम्पन्न भई ढल सन्चालन गर्न घरधुरीदेखि चेम्बर/म्यानहोलसम्म जडान गर्ने कार्य बाँकी रहेकोले घरधनीहरुले देहायको जिम्मेवारी पूरा गर्नेगरी तपसिलको कागजात सहित यस कार्यालयको खानेपानी, सरसफाइ तथा ढल आयोजना सञ्चालन तथा व्यवस्थापन इकाईमा निवेदन पेश गर्नुहुन सम्वन्धित सबैमा यो सुचना प्रकाशित गरिएको छ । यस अगावै यस कार्यालयको अनुमति लिने प्रक्रिया पूरा गर्न, जडान शुल्क बुझाउन र ढल प्रयोग सेवा सदस्य लिनको लागि बाँकी रहेका घरधनीहरुले यस कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

<u>निवेदनसाथ संलग्न गर्नुपर्ने कागजातहरु</u>

१. घरधनीको नागरिकताको प्रमाण पत्रको प्रतिलिपि

२. जग्गा धनी प्रमाण पुर्जाको प्रतिलिपि

३. आ.व. २०८२/०८३ को सम्पत्ति कर बुझाएको रसिदको प्रतिलिपि

४. घर नक्सापास/निर्माण सम्पन्न प्रमाण पत्रको प्रतिलिपि

५. ढल जडान शुल्क वापत रु ५,०००/- कार्यालयको राजश्व शाखामा बुझाएको रसिदको प्रतिलिपि

<u>घरधनीको जिम्मेवारी</u>

१. घरदेखि ढल चेम्बरसम्मको जडानका लागि नगरपालिकाले तोकेको गुणस्तर तथा साईज अनुसार आवश्यक पाइप तथा फिटिङ सामग्रीको व्यवस्था गर्ने ।

२. नगरसभाले निर्धारण गरे बमोजिमको सेवा शुल्क बुझाउने।

३. ढल प्रणालीमा वातावरणीय तथा प्राविधिक दृष्टिले हानिकारक पदार्थ नफाल्ने।

४. ढल सञ्चालनमा कुनै अवरोध, समस्या वा क्षति देखिएमा तत्काल नगरपालिकालाई जानकारी गराउने।

**घरधुरीदेखि ढल चेम्बर/म्यानहोलसम्म ढल जडानका लागि आवश्यक प्राविधिक तथा प्लम्बरको व्यवस्था र पाईप लाइन पुर्ने तथा सडक/बाटो मर्मत (कंक्रिट) को कार्य नगरपालिकाले गर्नेछ ।**

(विष्णु प्रसाद सुवेदी)

प्रमुख प्रशासकीय अधिकृत

**विष्णु प्रसाद सुवेदी**

**प्रमुख प्रशासकीय अधिकृत**